*Humanities and Social Sciences Journal*, Volume 13, Number 2, 2022, pp. 197–207

# *पिकदूत* खण्डकाव्यमा ध्वन्यात्मक सौन्दर्य

**डा. विनोद कार्की***

## सारसङ्क्षेप

प्रस्तुत अनुसन्धानात्मक लेखमा *पिकदूत* खण्डकाव्यमा ध्वन्यात्मक सौन्दर्यको अवस्था कस्तो रहेको छ भन्ने मूल जिज्ञासा उठाई विश्लेषण गरिएको छ । यसका लागि संस्कृत काव्यशास्त्र अन्तर्गत आनन्दवर्द्धनको ध्वनिवादी सौन्दर्यका आश्रयगत र स्वरूपगत स्थापित मान्यतालाई काव्य विवेचनाको आधार बनाइएको छ । यस गुणात्मक अध्ययनले समालोचनामा ध्वन्यात्मक सौन्दर्यको अवस्था पहिचान गर्ने कार्यलाई सहयोग पुऱ्याउनेछ । यस लेखमा पुस्तकालयीय विधि बमोजिम मोतीराम भट्टको *पिकदूत* खण्डकाव्यलाई प्राथमिक स्रोत सामग्री र सौन्दर्य चिन्तनसँग सम्बद्ध जानकारीमूलक समालोचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। विश्लेषण गर्दा निगमनात्मक विधिलाई स्वीकार गरिएको छ। *पिकदूत* खण्डकाव्यमा प्रेमी प्रेमिका अर्थात् पति पत्नीको विछोडमा पक्षीले सन्देश पुऱ्याई दिइएको सन्दर्भलाई चित्रण गर्ने क्रममा कोसिस गरेमा र धैर्य गर्न सकेमा मिलन सम्भव छ भन्ने काव्यको संयोगान्त सन्देशमा आश्रयगत अनि स्वरूपगत ध्वनिको प्रयोगले काव्य रमणीय तथा शोभनीय छ भन्ने ध्वन्यात्मक सौन्दर्यमा आधारित निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* अस्तित्व, सम्यक् प्रेम्, सम्यक् विश्वास, संयोगान्त

## विषय परिचय

मोतीराम भट्टले आफू बनारसमा बसेका समयमा रचना गरेको एउटा लघुकाव्य *पिकदूत* हो । यस काव्यको रचना काल १९४५ र प्रकाशन काल २०१९ उल्लेख गरेको पाइए तापनि साझा प्रकाशनले पहिलो पटक २०२९ सालमा छापेको र त्यसपछि २०३६, २०४०, २०४४, २०५०, २०५३ मा छापेका प्रतिहरू प्राप्त गर्न सकिन्छ । त्यसो त *सूक्तिसिन्धु*मा पनि प्रकाशन गरेको पाइन्छ । यसैलाई आधार मानेर हेर्दा भट्टको पिकदूतमा जम्मा तीस ओटा श्लोकहरू छन् । तीमध्ये एकदेखि सत्ताइससम्मका श्लोकहरू शार्दूलविक्रीडित छन्दमा रचना गरिएका छन् । त्यसै गरी अट्ठाइसौँ र उनान्तिसौँ श्लोकहरू वसन्ततिलका छन्दमा रचिएका छन् भने तिसौँ श्लोक चाहिँ मालिनी छन्दको रहेको छ । यस काव्यमा मूल कथ्यका रूपमा प्रेमी प्रेमिकाको गहिरो प्रेमपश्चात् विवाह सम्पन्न भएको र लगत्तै प्रेमीले प्रेमिकालाई छोडेर गएपछि प्रेमिकाले भोगेका पीडालाई अभिव्यक्त गरिएको छ । प्रेमी प्रेमिका अर्थात् लोग्ने स्वास्नीबिच आत्मिक सम्बन्ध हुनुपर्छ । भौतिक सुखका लागि प्रदेश जानु ठिक होइन भन्ने प्रेमिकाको जीवन दर्शनलाई काव्यमा चित्रण गरिएको छ । यौन इच्छा पूरा गर्नका लागि लोग्नेको विकल्प खोज्न नसकिने सामाजिक मर्यादामा बसेकी प्रेमिका मुनियाँलाई साथी बनाएर आफ्नो एक्लोपन हटाउन खोजे पनि असफल भएको प्रसङ्ग काव्यमा आउँछ । मानिसले सहयोग

* उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

नगरे पनि पक्षीले पनि सहयोग गर्न सक्छन् भन्ने दृढ विश्वासका साथ पिकदूतलाई आफ्नो अवस्थाको जानकारी दिएर सन्देश पुऱ्याइदिन आग्रह गरेकी र सोही बमोजिम प्रेमी घर फर्किएपछि आत्मिक सन्तुष्टि प्राप्त भएको संयोगान्त काव्यका रूपमा *पिकदूत* लोकप्रिय बनेको छ । यही सन्दर्भमा ध्वनिवादका मान्यतामा आधारित भएर निगमनात्मक विधिलाई आत्मसात् गरी प्राथमिक सामग्रीका रूपमा *पिकदूत* खण्डकाव्य र द्वितीयक सामग्रीका रूपमा ध्वनिवादसँग सम्बन्धित समालोचनात्मक सामग्रीको उपयोग गरी विवेचना गरिएको र यस किसिमको अध्ययन नभएकाले औचित्यपूर्ण छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखको प्राज्ञिक जिज्ञासा समाधान गरी गुणात्मक उपलब्धिका लागि पुस्तकालयीय विधिबाट प्राथमिक स्रोत सामग्रीका रूपमा मोतीराम भट्टको *पिकदूत* खण्डकाव्यको प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा सौन्दर्य चिन्तन सम्बद्ध ग्रन्थहरूलाई उपयोग गरिएको छ । यसका साथै संस्कृत काव्यशास्त्रका सौन्दर्य चिन्तनमध्येको ध्वनिवादसँग सम्बन्धित पुस्तकहरू पनि द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। प्रस्तुत अनुसन्धानात्मक लेखमा मोतीराम भट्टको *पिकदूत* खण्डकाव्यलाई आश्रयगत ध्वनिअन्तर्गत पद आश्रित ध्वनि, पदावली आश्रित ध्वनि, वाक्य आश्रित ध्वनि, प्रकरण आश्रित ध्वनि, प्रबन्ध आश्रित ध्वनि त्यसै गरी स्वरूपगत ध्वनिअन्तर्गत वस्तु ध्वनि, रस ध्वनि र अलङ्कार ध्वनि उपशीर्षकहरूमा विभक्त गरिएको छ । ध्वनिवादका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएकाले यस अनुसन्धानात्मक लेखको प्रस्तुतीकरणलाई ठोस बनाउन निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

काव्यलाई रमणीय र शोभायमान बनाउने साधन नै सौन्दर्य हो। के कस्ता प्रावधानका प्रयोगले काव्य ओजपूर्ण हुन्छ भन्ने शृङ्खलाबद्ध शास्त्रीय मान्यताहरूले सौन्दर्य प्रस्फुटन हुन्छ । काव्यलाई कालजयी बनाउने अनेक सौन्दर्य चिन्तनमध्ये ध्वनिवाद पनि एउटा हो ।

ध्वनिको काव्यलाई समृद्ध बनाउन विशेष भूमिका रहन्छ । आनन्दबर्द्धनले ध्वनिलाई काव्यको आत्माका रूपमा चित्रण गरेका छन् (सहाय, सन् २००२, पृ. ४६) । संश्लेषणात्मक रूपमा शब्द, अर्थ र काव्य व्यापारलाई ध्वनि भनिन्छ । जसले ध्वनित गर्छ वा गराउँछ त्यही व्यञ्जक शब्द ध्वनि हो । जसले केही ध्वनित गर्छ वा गराउँछ त्यही व्यञ्जक अर्थ ध्वनि हो । जसद्वारा ध्वनित हुन्छ त्यही ध्वनि हो । जसमा कुन कुरा (आश्रयगत, स्वरूपगत) को ध्वनित हुन्छ त्यसैलाई काव्यको ध्वनि भनिन्छ। यसरी सङ्क्षेपमा ध्वनिको प्रयोग व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्य अर्थ, व्यञ्जना व्यापार र व्यङ्ग्यप्रधान पाँच भिन्न भिन्न तर परस्पर सम्बद्ध अर्थमा भएको देखिन्छ । सहृदयीद्वारा प्रशंसित जुन अर्थ काव्यको आत्मा रूपमा प्रतिष्ठित हुन्छ उसको वाच्य र प्रतीयमान दुई भेद भनिएको छ। व्यङ्ग्यार्थलाई भित्री अर्थका रूपमा लिने गरिन्छ, त्यही भित्री अर्थ नै काव्यको ध्वनि हो । प्रतीयमान कुनै अर्को चिज हो जुन रमणीय प्रसिद्ध (मुख, नेत्र, श्रोत्र, नासिकादि) अङ्गबाट अलग लावण्यको समान, महाकविको सूक्तिमा, वाच्य अर्थले अलग अनुभव हुन्छ (आनन्दवर्द्धन, १/४/४) । जहाँ अर्थले आफ्नो वा शब्दले आफ्नो अर्थको गुणीभूतभन्दा पनि प्रतीयमान अर्थको अभिव्यक्ति गर्छ त्यहाँ ध्वनि उत्पन्न हुने कुरा काव्य विशेषका विद्वान्हरूले भनेका छन् । यसरी आनन्दवर्द्धनको परिभाषालाई

केलाउँदा काव्यको भित्री अर्थलाई अभिव्यक्त गर्ने कार्य ध्वनि मार्फत हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । काव्यशास्त्रीय अलङ्कार, रीति, वृत्ति, गुण आदि सम्प्रदायमा ध्वनि समाहार हुँदैन बरु सबै काव्यशास्त्रीय सिद्धान्त ध्वनिमा समाहित गर्न सकिन्छ ।

अन्य आचार्यहरूले पनि ध्वनिका बारेमा आआफ्ना मत अगाडि सारेका छन् । आचार्य मम्मटले *काव्यप्रकाश*मा काव्यमा वाचक, लाक्षणिक र व्यञ्जक गरेर तीन प्रकारका शब्दहरू हुन्छन् । वाचक, लक्षक, व्यञ्जक यी तीन प्रकारका शब्दको वाच्यार्थ, लक्ष्यार्थ, व्यङ्ग्यार्थ तीन अर्थ हुन्छन् । शब्दले जाति, गुण, क्रिया र द्रव्य चार प्रकारका अर्थहरूको सङ्केत गर्छ । त्यसै गरी विश्वनाथले साहित्यदर्पणः कृतिमा अभिधाले वाच्य अर्थ, लक्षणाले लक्ष्य अर्थ र व्यञ्जनाले व्यङ्ग्य अर्थ दिन्छन् । शब्दको चामत्कारिक उपस्थितिले काव्यलाई शोभायुक्त बनाउँछ (विश्वनाथ, २/३) भनेका छन् । अभिधा र लक्षणा आआफ्ना अर्थ दिएर शान्त भएपछि जसद्वारा व्याङ्ग्यार्थको बोध हुन्छ, त्यसलाई व्यञ्जना शक्ति भनिन्छ । जुन काव्यमा व्यङ्ग्य अर्थले वाच्य अर्थभन्दा चमत्कार गर्छ, त्यसलाई ध्वनि भन्दछन्, त्यो उत्तम काव्य हुन्छ । सामान्य दृष्टिमा ध्वनिको अर्थ आवाज भए पनि संस्कृत साहित्यमा विशिष्ट अर्थ छ त्यो हो व्यञ्जना अर्थ । ध्वनिले व्यापकता, श्रव्यता र क्षणभङ्गुरतालाई पनि सङ्केत गर्दछ (मम्मट, २०६४, पृ. ८५) । सहृदयको हृदयलाई आह्लादित तुल्याउन सक्ने शब्द र अर्थको जीवनवादी काव्यको आत्मा ध्वनि हो । काव्यमा शरीरवादका विरुद्ध आत्मावादको प्रतिष्ठा कायम गर्नका निमित्त ध्वनिवादको स्थापना भएको छ भने अर्कातिर यसले काव्यमा अनुभूति पक्ष, भावपक्ष या अन्तः प्रेरणालाई सर्वोपरी महत्त्व दिएको छ । समय सन्दर्भ अनुसार पद, पदावली, वाक्य, प्रकरण, प्रबन्धले जसरी ध्वन्यात्मक अर्थ दिन्छ जसले 'अर्थगौरव' कायम गर्छ त्यसैलाई आश्रयगत ध्वनि भनिन्छ ।

ध्वनिवादमा कवि कल्पनाको विशेष सामर्थ्य र प्रतिभाको विचित्र स्फुरण हुन सक्ने धेरै सुन्दर अवसर रहन्छ । वस्तुतः स्वरूपगत ध्वनिमा अलङ्कारध्वनि, वस्तुध्वनि र रसध्वनि गरी ध्वनिको तीन वर्गीकरण गर्दै रस ध्वनिलाई प्रमुखता दिएको देखिन्छ (आनन्दवर्द्धन, सन् २०१०, पृ. ५) । जुन काव्यले साधारण भनाइबाट माथि उठेर एउटा चमत्कृत 'अर्थगौरव' अथवा उपल्लो तहको व्यङ्ग्यार्थ प्रदान गर्ने सामर्थ्य राख्दछ त्यही नै ध्वनिकाव्य वा उत्तम काव्य हो । विरोधी मतको खण्डन ध्वनिवादीहरूले गरेर यस वादलाई स्थापित गरेका छन् ।

## पिकदूतमा ध्वनिवाद

*पिकदूत* खण्डकाव्यलाई आश्रयगत र स्वरूपगत ध्वनिका आधारमा विभिन्न शीर्षक, उपशीर्षकमा विवेचना गरिएको छ ।

## आश्रयगत ध्वनि

परिवेश, पात्रको अवस्थिति, सन्दर्भ आदि अनुसार सामान्य अर्थभन्दा पृथक् अर्थ ध्वनित हुन्छ भने आश्रयगत ध्वनि प्रकट हुन्छ । *पिकदूत* खण्डकाव्यमा रहेका पद आश्रित ध्वनि, पदावली आश्रित ध्वनि, वाक्य आश्रित ध्वनि, प्रकरण आश्रित ध्वनि, प्रबन्ध आश्रित ध्वनिका दृष्टान्त सहित प्रस्ट पारिएको छ ।

### पद आश्रित ध्वनि

*पिकदूत* खण्डकाव्यमा सन्दर्भवश रूपमा प्रयोग भएका विभिन्न पदहरूले ध्वनिका दृष्टिमा विशेष भूमिका निर्वाह गरेका छन् । जसले कृतिमा प्रस्तुत गरिएको विषय प्रसङ्गलाई गहन

बनाउनका लागि ठोस कार्य गरेको देखिन्छ । ध्वनिगत अर्थका माध्यमबाट काव्यलाई विवेचना गर्दा त्यसको आन्तरिक अवस्थासमेत प्रकट हुने हुनाले यसको काव्यशास्त्रीय महत्त्वसमेत रहेको पाइन्छ । *पिकदूत* खण्डकाव्यमा प्रयुक्त केही शब्दहरूले ध्वनिगत रूपमा अर्थ सङ्केत गरेका छन्: 'सञ्चार' पदले पत्नीको पीडालाई अभिव्यक्त गरेको छ । 'गर्मी' पदले शृङ्गारिक मातलाई प्रस्तुत गरेको छ । 'वर्षा' पदले यौन चाहको, 'बादल्' ले सङ्कटको, 'बिजुली' ले अन्धकारको 'चन्द्र' ले प्रेमको, 'दूई' पदले पतिको, 'पातक' ले यौन चाहना नबुझ्ने, 'घल्चा' पदले वासनाको, 'प्रिया' ले पीडित पत्नी 'मृग' ले स्वतन्त्रताको उपभोग गर्ने, 'चन्दन' ले एक्लो हुँदाको पीडा, 'हर्ष' ले लामो समयपछि सम्भोगको सुखलाई अभिव्यक्त गरेका छन् ।

### पदावली आश्रित ध्वनि

मोतीराम भट्टद्वारा रचित *पिकदूत* खण्डकाव्यमा प्रयोग गरिएका कतिपय पदावलीहरूमा पनि आश्रित रहेको देखिन्छ । ध्वनि आश्रित पदावलीहरूले कवित्वको महत्तालाई प्रस्ट्याएका छन् भने काव्यगत समय चेतना, पात्रको मनोभाव, पक्षीसँगको विश्वास र समय सन्दर्भलाई गहिराइका साथ प्रस्तुत गरिएको पाइन्छ । काव्यमा सन्दर्भ अनुसार प्रयोग भएका पदावलीहरू र ती पदावलीहरूमा रहेको ध्वनिगत अर्थ सन्दर्भलाई दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ: 'प्रचण्ड ग्रीष्म' पदावलीले नव यौवनाको इच्छालाई प्रकट गरेको छ । 'चकोर चरि' पदावलीले सम्भोग लीलालाई प्रस्तुत गरेको पाइन्छ । 'पाकेको फल' पदावलीले पनि यौवनले भरिपूर्ण भएकी पत्नीलाई सङ्केत गरेको छ । जब कि पतिले छोडेर प्रदेश गएको अवस्थालाई चित्रित गर्दै पक्षीलाई सन्देश पुऱ्याइदिन अनुनय गरिएको छ । 'पर्देशका रस' पदावलीले पत्नी बाहेकको सम्भोग आनन्दलाई अर्थ्याएको छ । 'विपद् विरहि' पदावलीले पनि यौन इच्छा पूरा भएन भने ठुलो पीडा र एक्लोपनको अनुभूति हुने सन्दर्भलाई उठाएको छ । 'निर्दयी चन्द्रमा' पदावली चरमसुख प्रदान गर्नुपर्नेले मर्म नबुझेको स्थितिको चित्रण गरेको छ ।

### वाक्य आश्रित ध्वनि

*पिकदूत* खण्डकाव्यमा प्रयुक्त श्लोकका वाक्यहरूमा प्रायजसो ध्वनि आश्रित वाक्यहरू रहेका पाइन्छन् । वाक्यमा आश्रित ध्वनिले काव्यगत विषय र दृष्टिकोणलाई विशिष्ट ढङ्गले प्रस्तुत गर्दछ । साथै अभिव्यक्त सन्दर्भलाई प्रभावकारी र गहन बनाउनमा मदत गरेको भेटिन्छ । मोतीराम भट्टकृत *पिकदूत* खण्डकाव्यमा रहेका केही वाक्य आश्रित ध्वनिका उदाहरणहरू यस प्रकार छन्:

"मन्मा आजित् हुनगो र दुःखि म भएँ त्यै गर्मीका रङ्गले" (पृ. १) ।

यस प्रसङ्गले एक्ली यौवनाले सम्भोग सुख प्राप्त गर्न नसकेको र पहिले सँगै हुँदा प्राप्त चरमसुखको सम्झनाले सताएको भन्ने ध्वनि व्यक्त गरेको छ ।

"प्रीती चन्द्र चकोरको त्यस बखत् हेरी नशक्नू भयो" (पृ. २) ।

यस सन्दर्भले रमणीय दृश्यलाई पनि दुखदायी बनाइदिएको छ भन्ने ध्वनि प्रस्तुत गरेको छ ।

"दुःखी छु रुइ, फूइ छन् तपनि ता दूई नहुँदामहाँ" (पृ. ३) ।

यसमा मन शान्त छैन वा आत्म सन्तुष्टि प्राप्त भएको छैन भने केही कमीले पनि दुःखी तुल्याउँछ अझ त्यसमा पनि पत्नीका लागि पति नै नहुनु त ठुलो पीडा हुन्छ भन्ने ध्वनित भएको छ ।

"हाम्रै यी भ्रमरा निठुर् हुनगई फुल् छाडि काहाँ भुले" (पृ. ३) ।

यहाँ आफ्नै पतिले यौवनले भरिएकी पत्नीलाई छोडेर प्रदेश गएको भन्ने ध्वनि अभिव्यक्त हुन गएको छ ।

"पाकेको फल फालि जानु परदेश कुन धर्मको शास्त्र हो" (पृ. ४) ।

यस प्रसङ्गमा यौवनले भरिएकी पत्नीलाई एक्लै छोडेर हिँड्नु कसरी न्यायसङ्गत हुन सक्छ भन्ने ध्वनि व्यक्त भएको छ ।

"भन् भन् शब्द गरीवरी झिकी झुल्छन् भ्रमर फूलमा" (पृ. ५) ।

यहाँ मनको कुरा बुझेर यौवनले भरिपूर्ण पत्नीले लोग्नेको खोजी गर्नुपर्ने विपरीत अवस्थालाई ध्वनित गरिएको छ ।

"तिर्खा जस्कन लाग्छ पोखरी पनी" (पृ. ८) ।

यसमा धैर्य गर्ने भन्दैमा सधैँ धैर्य गर्न सकिन्न भन्ने ध्वनि व्यक्त भएको पाइन्छ ।

"एक्लै बस्न पऱ्यो भनेर मुनियाँ ल्याएर पाले पनी" (पृ. ९) ।

यहाँ आफ्नो मनको भावना बुझ्न नसकेर प्रदेश गएका पतिको विकल्पमा चरालाई सँगै ल्याएर राखे पनि पतिको विकल्पमा मनोरथ पूरा नभएको भन्ने ध्वनि अभिव्यक्त छ ।

"वाहाँ गईकन गरेस् यति बात मेरा" (पृ. १२) ।

यस प्रसङ्गले कसैले पनि पूरा गर्न नसक्ने सन्तुष्टिका लागि पति नै चाहिने पत्नीको मनोग्रन्थि छ भन्ने ध्वनित भएको छ ।

**प्रकरण आश्रित ध्वनि**

मोतीराम भट्टद्वारा रचित खण्डकाव्य *पिकदूत* दृश्य रूपमा प्रकरणमा विभक्त गरिएको छैन। पिकदूतको कथ्यको मूल प्रवाहको सन्दर्भलाई केलाउँदा भने चार प्रकरण उल्लेख गर्न सकिन्छ। *पिकदूत* खण्डकाव्यमा चार पाउ र आठ पाउका गरेर जम्मा तीस श्लोकहरू रहेका छन् । जसमध्ये पहिलो श्लोकदेखि एघारौँ श्लोकसम्म सहाराको खोजी गरिएको छ । बाह्रौँ श्लोकदेखि छब्बिसौँ श्लोकसम्म विकल्पको खोजीलाई प्रस्तुत गरिएको छ भने सत्ताइसौँ श्लोकदेखि उनान्तिसौँ श्लोकसम्म विकल्पले चित्त नबुझेको अभिव्यक्ति छ । त्यसै गरी अन्तिम अर्थात् तिसौँ श्लोकमा आश्रय प्राप्त भएको संयोगान्त सन्दर्भलाई देखाइएको छ। यसरी हेर्दा अभिव्यक्तिको केन्द्रीय प्रवाहमा देखिएका प्रसङ्गलाई आधार मानेर *पिकदूत* खण्डकाव्यलाई चार प्रकरणको आन्तरिक विभाजन गरेर त्यसै अनुसार प्रकरण आश्रित ध्वनिलाई देखाउने कोसिस गरिएको छः

*पिकदूत* खण्डकाव्यको पहिलो श्लोकदेखि एघारौँ श्लोकसम्मको प्रवाह अन्तर्गत प्रथम प्रकरणमा प्रेममा चुर्लुम्म डुबेर अनेक बाचा गरेर विवाह गरेका पति र पत्नीको विछोडको सन्दर्भलाई मनोवादका रूपमा चरालाई सुनाइएको छ । एक्लोपन, उदासी, अँध्यारो, वर्षात्, चन्द्र, एकान्त जस्ता पदहरूले पति वियोगको पीडा ध्वनित भएको छ । असन्तुष्टि, कुण्ठा, दमित भावना, सम्भोगका विषयमा अनेक शास्त्रहरूले अनेक कुरा उठाएका छन् । जीवनको अन्त्य निश्चित छ भन्ने ज्ञान हुँदाहुँदै पनि जीवनयापनका लागि विछोडिन बाध्य हुनु परेको दर्दनाक अवस्थाले पति प्रदेशतर्फ जानुपरेको अवस्थाको चित्रण गरिएको छ भने यता पत्नी यौन इच्छा पूरा गर्न नपाएर तड्पिएकी छ । धर्मशास्त्रले अनुशासनका कुरा गरेर मात्रै हुँदैन, एउटी यौवनाको इच्छालाई पनि मध्यनजरमा राख्नै पर्ने सन्दर्भ ध्वनित भएको छ । एक्लै भएका वेला अर्थात् प्रमुख सुखबाट वञ्चित हुनुपरेका वेला चकोर पक्षीको चरमसुखको दृश्यले पनि निराशा उत्पन्न गर्ने यथार्थलाई देखाइएको छ । आशाले नै मानिसलाई अगाडिको यात्रा तय गर्न सक्षम बनाउने

हो त्यसका लागि आत्मिक सुखको जरुरी हुन्छ । प्रेमपछिको विवाह र विवाहपछिको सुखद अवस्थाबाट एकाएक छुट्टिनु पर्दा हुने पीडाका कारण कार्य सम्पादन पनि सही हुन सक्दैन भन्ने कुरा प्रकरण आश्रित ध्वनिका रूपमा देखापरेको छ । विछोडका वेला भएका चिजले भन्दा नभएका चिजले बढी सताउँछ । अझै त्यसमा पनि जाडो याममा रुइ, फुइले मात्रै नपुगेको र दुईको अति याद आएको शृङ्खलाले लोग्नेबाट प्राप्त हुने यौन सुखले नै जाडो भाग्ने हो अर्थात् आत्म सन्तुष्टिले नै आनन्दित हुन सकिन्छ भन्ने भाव ध्वनित भएको पाइन्छ । अवसरवादीहरूले जिम्मेवारी बोध गर्न नसक्ने अवस्थाको चित्रण गरिएको छ भने विछोडको घाउमा मह्लम लगाउन कुनै धर्मशास्त्रले नसक्ने र त्यसलाई सम्झनाले झन् आलो बनाइदिने तथ्यले वास्तविकतालाई बुझ्न नसकेको र आफ्नी प्रेमिकाको अन्तरात्मालाई चिन्न नसकेको अनि चाहिएका वेला सहारा दिन नसक्ने सन्दर्भले प्रेमिका वा स्वास्नीलाई उमेरमा चाहिने भनेकै मूल रूपमा यौन आनन्द वा चरमसुख नै हो भन्ने कुरा ध्वनित गराएको छ ।

मोतीराम भट्टको *पिकदूत* खण्डकाव्यमा बाह्रौं श्लोकदेखि छब्बिसौं श्लोकसम्म बगेको कथ्यको प्रवाहका आधारमा द्वितीय प्रकरण मान्न सकिन्छ । यस प्रकरणमा ऋतुहरू परिवर्तनको निरन्तरता हुन सक्ने, पक्षीहरू आफूले चाहेका बखतमा सम्भोग सुख लगायत सबै कार्य निरन्तर गर्न पाउने अवस्था रहन सक्ने तर मानिसमा चाहिँ किन विछोड हुनु पर्ने ? आफैले आफैलाई सम्झाउन नसक्ने अवस्थाको सिर्जना किन हुन्छ ? धर्मशास्त्र, ऋषिमुनिहरूले यौन चाहनाको गहिराइलाई किन बुझ्न नसकेका ? स्त्री जातिले नै किन विछोडको यातना सहनु पर्ने हो ? पत्याउनै नसकिने कुरामा पनि आशा गरेर बस्नै पर्ने कस्तो बाध्यता हो ? पोखरीको तिर्खा पोखरीकै पानीले मेटिन्छ ? आफैले बुझ्नुपर्ने कुरा अरूले भनेपछि पनि नबुझ्ने भनेको कस्तो विडम्बना हो ? प्रेमिकाको पीडालाई बुझ्न नसक्ने, अरूको दुःखमा रमाउनेलाई परपीडक किन नभन्ने ? जस्तोसुकै समस्यामा पनि बाँच्नै पर्ने कस्तो सामाजिक बाध्यता हो ? प्रेमी प्रेमिकाको विछोडको असह्य पीडा दुवैलाई हुनुपर्ने होइन र ? प्रेमीको स्थानमा कुनै प्रतिक्रिया नदिने सहृदयी चरालाई साथी बनाउँदा किन साथ भएको अनुभव हुन्न भन्ने कुरा यस प्रकरणले ध्वनित गरेको छ । जब विभिन्न स्वार्थ, व्यभिविचारी भावका कारण मानिसले मानिसलाई सहयोग र साथ दिँदैन त्यतिखेर चराले पनि साथ दिन सक्छ र त्यसैको सहायताले समस्याबाट मुक्ति मिल्छ भन्ने विश्वास नव यौवना प्रेमिका वा पत्नीलाई अन्तर्स्वीकृति प्राप्त भएको र प्रेमी प्रेमिकाको मिलनको विकल्प अरू हुनै सक्दैन भन्ने प्रेमिकाले चरालाई पठाउन लागेको सन्देश र विश्वासले मिलन गराउने सन्दर्भलाई ध्वनित गरेको छ ।

सत्ताइसौं श्लोकदेखि उनान्तिसौं श्लोकसम्म आबद्ध तृतीय प्रकरणमा पिकदूतलाई अझै बढी विश्वास गरेर मानिसभन्दा पनि बुझकीका रूपमा उभ्याउँदै आफ्नो प्रेमीलाई सन्देश पुऱ्याइदिन विशेष आग्रह गरिएको छ । प्रेमिकाका लागि प्रेमीभन्दा विश्वसनीय अरू कोही हुन नसक्ने कुरामा विशेष जोड दिँदै आफ्नो आन्तरिक र बाह्य अवस्थाकोसमेत जानकारी हुने गरी जसरी पनि सन्देश पुऱ्याइदिन र आफ्नो प्रेमीलाई साथमा रहने वातावरण मिलाइदिन अनुरोध गर्दै चरमसुख प्राप्तिको आशय ध्वनित भएको छ ।

अन्तिम एउटा श्लोकमा भने उनान्तिस श्लोकहरूमा वर्णन गरिएको अति आवश्यक ठानिएको होला कि नहोला संशयका बिच पनि अति विश्वास गरेर पिकदूतलाई अर्थात् मानिसलाई भन्दा बढी विश्वास गरेर पठाएको सन्देश त्यही रूपमा पुगेको र प्रेमी वा पति आफ्नो साथमा आइपुगेको सन्दर्भले प्रकरणको रूप लिएको छ । यस सन्दर्भले दमित भावना र कुण्ठाले ग्रसित प्रेमिकाले यौन इच्छा पूरा गरेर चरमसुख प्राप्त गरेको अनि संस्कृत काव्यशास्त्रीय मान्यताको संयोगान्तसमेत भएको प्रकरण ध्वनित भएको पाइन्छ ।

**प्रबन्ध आश्रित ध्वनि**

मोतीराम भट्टको *पिकदूत* खण्डकाव्य नेपाली नव दम्पतीको विछोडलाई गहिराइसम्म पुगेर प्रस्तुत गर्ने रुचिलाई साकार पार्ने हेतुले रचना गरिएको कृति हो । यस खण्डकाव्यमा गहिरो प्रेममा परेका प्रेमी प्रेमिकाको विवाहपछि विछोड र प्रेमिकाको पीडालाई प्रस्तुत गरेर कष्टपूर्ण जीवन बाँच्नु परेको सन्दर्भलाई ध्वनित गरिएको छ । त्यसै गरी नियमित निरन्तरको प्राकृतिक परिवर्तन र पक्षीका यौनजन्य क्रियाकलापहरूले आक्रान्त भएकी प्रेमिका चरालाई आश्रय लिएर पनि दिनचर्या अगि बढाउन नसकेर आत्म सन्तुष्टिका लागि सम्भोग सहयोगी पतिको प्रतीक्षामा रहेको सन्दर्भ ध्वनित भएको छ । आफूले विश्वास गरेका खण्डमा र प्रयास गरेमा मानिस बाहेक चराबाट पनि सहायता लिन सकिन्छ र आफू कुण्ठित भएर बस्नु हुन्न, आत्म सन्तुष्टिका लागि उपयुक्त कदम चाल्न सक्नुपर्छ सफलता प्राप्त गर्न सकिन्छ भन्ने प्रसङ्ग पनि ध्वनित भएको छ । कवि मोतीराम भट्टले प्रेमी प्रेमिकाको विवाह गराएर विछोडलाई देखाई त्यस पीडाको चित्रण गरेर मिलन अर्थात् संयोगान्त बनाई नाटकीय रूपमै भए पनि सम्पन्न गरेको सन्दर्भ प्रबन्ध आश्रित ध्वनिका रूपमा देखिएको छ ।

**स्वरूपगत ध्वनि**

काव्यमा वस्तु, रस र अलङ्कार भावका आधारमा ध्वनि प्रस्तुत हुन्छ भने त्यसलाई स्वरूपगत ध्वनि भनिन्छ । *पिकदूत* खण्डकाव्यमा पनि स्वरूपगत ध्वनि प्रकट भएको पाइन्छ । यसमा रहेका वस्तु ध्वनि, रस ध्वनि र अलङ्कार ध्वनि शीर्षकमा दृष्टान्त सहित प्रस्ट पारिएको छ ।

**वस्तु ध्वनि**

मोतीराम भट्टको *पिकदूत* खण्डकाव्य प्रेमी र प्रेमिका अर्थात् लोग्ने र स्वास्नीको विछोडको विषय वस्तुमा आधारित रहेको छ । यस काव्यमा नव विवाहित यौवनले भरिपूर्ण दम्पतीको विछोडपछि प्रेमिकाले एक्ली महसुस गरी पीडा भोग्नुपरेको कारुणिक अवस्थालाई मूल कथ्य बनाई चरालाई आफ्नो भरपर्दो सन्देश वाहक दूतका रूपमा उभ्याएर प्रेमी र प्रेमिका जस्तोसुकै अवस्थामा पनि सँगसँगै हुनुपर्छ भन्ने सन्देश दिइएको छ । आर्थिक अभावले प्रदेश जानुपर्ने बाध्यताले नव यौवनालाई साह्रै चोट पुग्छ भन्ने सन्दर्भले यौन इच्छा पूरा गर्न पाउनुपर्ने वस्तु ध्वनित भएको पाइन्छ । प्रेमी प्रेमिका छुट्टिएर बसेर होइन, जे आइपर्छ त्यसलाई सँगै बसेर सामना गर्नुपर्छ र उमेरमा गर्नुपर्ने मनोरञ्जन उमेरमै गर्नुपर्छ भन्ने वस्तु ध्वनि काव्यमा रहेको छ । मानिस, शास्त्र, ऋषि आदिले साथ नदिए पनि चराको पनि साथ लिन सकिन्छ र विश्वास गरेका खण्डमा आफ्नो मार्मिक सन्देश प्रेमीसमक्ष पुऱ्याएर मिलन सम्भव छ भन्ने सन्दर्भ मार्फत सम्भोगसुख वस्तुका रूपमा ध्वनित भएको पाइन्छ ।

वाक्यात्मक रूपमा पनि वस्तु ध्वनिका उदाहरणहरू भेटिन्छन् :

के जान्नन् ऋषिले विपद् विरहिको यस्तो हुने हो भने (पृ. ७) ।

यहाँ जान्ने बुझ्ने ऋषि महात्माहरूले सबै कुरा जानेका हुन्छन् र एक्ली नव यौवनाको पीडा बुझ्दैनन् भन्ने दृष्टिकोण वस्तुका रूपमा ध्वनित भएको छ ।

खुब् खन्खान गरेर पोखरि पनी खासा तयारी भयो
प्रेम्को डोरि चुँड्यो गरूँ अब कसो घल्चा बिपत्ता भयो (पृ. ९) ।

यसमा इच्छापूर्ति गर्नका लागि उपाय खोजेको अचानक बाधा उत्पन्न भएकाले त्यसको समाधानका लागि जे पनि हुन सक्ने भएकाले आवश्यकतापूर्तिको वातावरण तयार हुन गएका खण्डमा सम्बन्ध कायम रहने सङ्केतरूपी वस्तु ध्वनित भएको पाइन्छ ।

**रसभाव ध्वनि**

*पिकदूत* प्रेमी प्रेमिकाको रतिले भरिएको शृङ्गार व्याप्त भएको लघुकाव्य हो । त्यसैले यस काव्यमा शृङ्गार रसभावको अभिव्यञ्जना भएको पाइन्छ । सन्दर्भ अनुसार फरक फरक भाव अभिव्यक्तिका कारण विभिन्न स्थानमा विविध रसको प्रयोग पनि भएका छन् । मूल रूपमा भने शृङ्गार रसले काव्यको गति शृङ्खलालाई रमणीय बनाउने कोसिस गरेको देखिन्छ । यस काव्यमा प्रेमिका अर्थात् स्वास्नी नायिका र प्रेमी अर्थात् लोग्ने नायकका रूपमा देखिन्छन् । विद्वान्, ऋषि आदि गौण पात्रका रूपमा रहेका छन् । मानवीय पात्रका अतिरिक्त गैरमानवीय पात्रहरूमाः पिकदूत, चकोर पक्षी, भ्रमरा, मुनियाँ, मयुर, कोइली, हाँस, मृग, चरा आदि देखापरेका छन् । यी गैरमानवीय पात्रहरूले काव्यलाई मार्मिक, रसमय बनाउन प्रसङ्ग सुहाउँदो महत्त्वपूर्ण भूमिका खेलेको स्पष्ट हुन्छ ।

प्रेमिका अर्थात् स्वास्नीका रूपमा रहेकी नायिका जे छ त्यसैमा रमाउने लोग्नेबाट अलग हुन नचाहने सँगै बस्दा सन्तुष्ट हुने नारी हुन् । प्रेमीले विवाह लगत्तै छोडेर प्रदेश गएको कुरा प्रेमिकालाई रत्ति पनि मन परेको छैन । लोग्नेसँगको विछोडबाट पीडामा चुर्लुम्म डुबेकी प्रेमिका आर्थिक उपार्जनका लागि आफूबाट टाढिएका लोग्नेले आफ्नो यौन इच्छा बुझ्न नसकेकोमा दुःख मान्दै भौतिक सुखभन्दा आत्मिक सुख नै श्रेष्ठ हो भन्ने धारणा राख्ने नारी हुन् । प्रेमिकाले आफ्नो चढ्दो उमेर र यौन आवश्यकताको अवस्थालाई मध्यनजर राख्दै प्रदेश गएको लोग्नेप्रति गुनासो पोख्दै प्राकृतिक परिवर्तन, सामाजिक दृष्टिकोण, धर्मशास्त्रका मान्यताहरूकोसमेत उदाहरण दिएर लोग्ने स्वास्नी सँगै भइ रहनुपर्ने स्थितिप्रति जोड दिएकी छन् । प्रदेशतिरै अर्कैसँग रमाइरहेको पो छन् कि भनेर लोग्नेप्रति शङ्का गरे पनि आफूलाई जिम्मेवार ठान्दै लोग्नेको विकल्प अर्को पुरुष हुन सक्दैन भन्ने दृष्टान्तका लागि उनले साथी बनाएको मुनियाँ नै काफी छ । स्वास्नीका लागि लोग्नेको साथ नै प्रमुख हो भन्ने विश्वास लिएकी प्रेमिकाले आफ्नो अवस्थाको जानकारी सहित पिकदूतलाई सन्देश पठाएर आत्मिक सुख खोज्दै प्राकृतिक न्याय प्राप्तिको अभिलाषा राखे बमोजिम नाटकीय रूपमा चराद्वारा सन्देश प्राप्त गरेर लोग्ने खुसी हुँदै स्वास्नीलाई भेट्न फर्किएकाले काव्य संयोगान्त बन्न गएको छ ।

काव्यको नायक आरम्भमा नेपथ्यमा अघोर प्रेम गर्ने प्रेमी र लोग्नेको भूमिकामा देखापरेका छन् । उनको विनासल्लाह प्रदेश जाने कदमले निम्न वर्गीय आर्थिक अवस्थाको चित्रण गर्दछ । आफैले प्रेम गरेर भित्र्याएकी स्वास्नीलाई भौतिक सुख दिने लोभका साथ प्रेमी प्रदेशतिर हानिएको देखिन्छ । प्रेमिकाको एक मात्र सहारा हुँ भन्ने कुरा बिर्सिएर प्रदेश गएको प्रेमी भौतिक सुखलाई प्रमुख मान्ने पुरुषका रूपमा उभिएको पाइन्छ । पिकदूतले सन्देश पुऱ्याएपछि तुरुन्तै घर फर्किएका प्रेमी पनि एक्लो जीवनबाट सन्तुष्ट हुन नसकेको सन्दर्भ साङ्केतिक रूपमा ध्वनित हुन्छ । जसका कारण काव्य संस्कृत काव्य परम्पराको संयोगान्त अवस्थामा पुगेको छ ।

यसरी हेर्दा काव्य नायिका र नायक वा स्वास्नी र लोग्ने *पिकदूत* खण्डकाव्यका आलम्वन विभावका रूपमा रहेका छन् । सन्दर्भले गर्दा नायिका र नायक आलम्वनका विषय र सहारा बन्न पुगेका छन् । अभाव, ऋृतु, पोखरी, वर्षा, बादल, एकान्त, जस्ता प्रसङ्गहरू उद्दीपन विभावका रूपमा आएका छन् । अनुभावका रूपमा सन्दर्भवश नायिकामा देखापर्ने मलिनता, कम्पन, पसिना, आँसु, ताप आदि देहविषयक प्रतिक्रिया रहेका छन् । त्यस्तै काव्यमा निर्वेद, आवेग, मद, मोह, शङ्का, स्मृति, मति, चपलता, चिन्ता जस्ता सञ्चारीभाव रहेका छन् । यिनै विभाव, अनुभाव र सञ्चारीभावका माध्यमबाट *पिकदूत* खण्डकाव्यमा रति, निर्वेद, करुणा, क्रोध आदि स्थायीभावहरू जागृत भई शृङ्गार, शान्त, करुण, रौद्र आदि रस ध्वनित भएको पाइन्छ । प्रमुख रूपमा यस काव्यमा शृङ्गार रस रहेको छ, शृङ्गार रस अन्तर्गत पनि विप्रलम्भ शृङ्गार प्रमुख रूपमा रहेको छ । काव्यको आरम्भमा प्रेमिकाका अभिव्यक्तिमा विप्रलम्भ शृङ्गार रस ध्वनित भएको छ । आत्मिक पीडाको अभिव्यक्ति गर्ने क्रममै प्रेमिकाले क्रोध व्यक्त गर्दै विद्वान्, ऋृषिहरू र धर्मशास्त्रप्रति आक्रोश पोखेकाले रौद्र रस ध्वनित भएको पाइन्छ । यसै गरी मन बुझाउने सिलसिलामा शान्त रस ध्वनित भएको देखिन्छ । प्रेमिका पिकदूतलाई आफ्नो अवस्था र सन्देशबारे जानकारी पुऱ्याइदिने विशेष आग्रहमा करुण रस ध्वनित भएको छ । प्रेमी प्रेमिकाको मिलनपछि सम्भोग शृङ्गार रस ध्वनित भएको छ । शृङ्गार रसले प्रमुख भूमिका खेलेको काव्यको परिपाक पनि शृङ्गार रसमै भएको छ । विप्रलम्भ शृङ्गार रस ध्वनिबाट आरम्भ भई सम्भोग शृङ्गार रस ध्वनिमा समापन भएको यस काव्यमा प्रसङ्गवश शान्त, करुण, रौद्र रस ध्वनिहरू पनि रहेका छन् । काव्यमा अभिव्यक्त भावविधान, भाषाशैली नाटकीय घुम्तीले रस ध्वनिलाई पुष्ट बनाएका छन् । त्यसैले *पिकदूत* खण्डकाव्यलाई रस ध्वनिका दृष्टिले विशेष काव्य मान्न सकिन्छ ।

पिकदूतमा सन्दर्भवश ध्वनित भएका अन्य केही भाव तथा रस ध्वनिलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिन्छः

प्यारो चन्द्र भनी चकोर चरीले चूँ चूँ गरी ज्यू दियो
प्रीती चन्द्र चकोरको त्यस बखत् हेरी नशक्नु भयो (पृ. २) ।

यहाँ चकोर पक्षीको यौन क्रीडाको दृश्यले नव विवाहिता एक्ली पत्नीले रति क्रीडाको स्मरण गर्नुले रतिभाव ध्वनित भएको छ ।

पाकेको फल फालि जानु परदेश् कुन धर्मको शास्त्र हो (पृ. ४) ।

यसमा क्रोध भाव ध्वनित भएको छ ।

कस्तो प्रीति थियो भने त उहिले एक ज्यू भई बस्तथ्यौँ
अत्तर, चन्दन, केवरा घसि दुवै एकान्तमा पस्तथ्यौँ (पृ. ४) ।

यसमा विछोडको रति स्थायीभाव व्यक्त भएर विप्रलम्भ शृङ्गार रस ध्वनित भएको छ ।

पाप्को भोग्न नभोगी हुन्न भनि मो खुब धैर्य गर्छू अनी
मेरो कर्म दुखी रहेछ अरूको दोष छैन कत्ती पनी (पृ. ९) ।

यसमा वैराग्य स्थायीभावका रूपमा रहेकाले शान्त रस ध्वनित भएको छ ।

### अलङ्कार ध्वनि

मोतीराम भट्टको *पिकदूत* खण्डकाव्यमा अलङ्कार ध्वनिको पनि प्रयोग भएको छ। सन्दर्भवश विभिन्न स्थानमा अलङ्कार ध्वनि स्वाभाविक रूपमा नै आएका छन् । अलङ्कार ध्वनिले *पिकदूत* खण्डकाव्यलाई शोभायमान बनाउने र आकर्षक तुल्याउने कार्य गरेको पाइन्छ । अलङ्कार ध्वनिका दृष्टान्तहरू यहाँ प्रस्तुत गरिन्छ :

क्यै कालसम्म प्रचण्ड ग्रीष्म ऋतुको गर्मी सह्यो अङ्गले
मन् आजित् हुनगो र दुःखि म भएँ यै गर्मीका रङ्गले (पृ. १) ।

यहाँ प्रेमिकाले प्रेमीको अभावमा प्रेमीलाई सम्झेका कारण सम्बन्धको स्मरण गरेकाले अप्रस्तुत अलङ्कार ध्वनित भएको छ ।

तीनै हुन् भ्रमरा कति कति उडी फुल्माथि आई झुले
हाम्रै यी भ्रमरा निठुर् हुन गई फुल् छाडि काहाँ भुले (पृ. ३) ।

यसमा माथिको सन्दर्भले सम्भोगको कुरा गरेको छ भने तलको सन्दर्भ विप्रलम्भको रहेकाले विरोध अलङ्कार ध्वनित हुन पुगेको छ ।

फुल्ले खोज्छ भ्रमर् कि फुल्कन भ्रमर् यस्को जवाफ द्यौ भनी (पृ. ८) ।

यहाँ फूलमा प्रेमिका र भ्रमरामा प्रेमी आरोपित भएकाले रूपक अलङ्कार ध्वनित भएको छ ।

जो होचो उसका परेछ मुखमा घोचो भने झैँ भयो (पृ. ८) ।

यसमा घोचो भने झैँ सन्दर्भले दृष्टान्त अलङ्कार ध्वनित भएको छ ।

पतिकन अहवाल् तेस् सुन्दरीको सुनायो
पति पनि घर आए, हर्ष भारी तहाँ भयो (पृ. १२) ।

यहाँ प्रेमिकाको जस्तो सन्देश लगेको थियो त्यस्तै सन्देश पिकदूतले प्रेमीलाई सुनाएको र प्रेमिकाको जे हाल देखेको थियो त्यही हाल प्रेमीले महसुस गरेको र फर्किएकाले उत्प्रेक्षा अलङ्कार ध्वनित भएको छ ।

## निष्कर्ष

मोतीराम भट्टद्वारा रचित खण्डकाव्य *पिकदूत* शृङ्गारिक धाराको एउटा प्रतिनिधि कृति हो। यस कृतिमा भट्टले प्रेमी प्रेमिकाको विवाह भए लगत्तै विछोड भएको अवस्थालाई चित्रण गरेका छन् । प्रेमी वा लोग्नेविनाको जीवन अन्धकारमय हुने कुरा प्रेमिका वा स्वास्नीले व्यक्त गरेर पिकदूतलाई आफ्नो हाल सुनाएको र सन्देश पुऱ्याउन पठाएको प्रवाहमय प्रस्तुति काव्यमा छ। नारीहरू भौतिक सुखभन्दा आत्मिक सुखमा रमाउँछन् र पुरुषहरू भौतिक वैभवसँग रमाउँछन् भन्ने यथार्थलाई काव्यमा प्रस्तुत गरिएको छ । आत्मिक सुखका लागि प्रकृति, समाज, धर्मशास्त्रका नियमले मात्रै पर्याप्त हुँदैन भन्ने तथ्यलाई प्रस्तुत गरिएको यस काव्यमा यौन इच्छा लोग्नेबाट मात्रै पूरा गर्नुपर्छ भन्ने आदर्श स्वास्नीको शृङ्गारिक अभिव्यक्तिले सामाजिक अनुशासनलाई बलियो बनाएको छ। यस काव्यले शृङ्गारिक भावधाराबाट पनि समाज, प्रकृति, धर्मशास्त्रको अस्तित्व स्वीकार गरी संयोगान्त सन्देश दिएको छ। यस काव्यलाई आश्रयगत ध्वनि अन्तर्गत पद, पदावली, वाक्य, प्रकरण, प्रबन्ध आश्रित ध्वनिले रमणीय, आकर्षक बनाउन विशेष भूमिका खेलेका छन् । त्यसै गरी स्वरूपगत ध्वनि अन्तर्गत वस्तु ध्वनि, रस ध्वनि र अलङ्कार ध्वनिको प्रयोगले काव्यलाई शोभनीय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रमुख रसका रूपमा

शृङ्गार रहेको छ भने अन्य रसमाः शान्त, रौद्र, करुण आदि रहेका छन् । त्यस्तै रूपक, दृष्टान्त, विरोध, उत्प्रेक्षा अलङ्कारको प्रयोगले काव्य ध्वनि तत्त्वका आधारमा उल्लेखनीय बनेको छ । यसरी हेर्दा *पिकदूत* खण्डकाव्य प्रेमी प्रेमिकाको मिलनमा टुङ्गिएको मानव र गैरमानवको सहकार्य भएको ध्वनिवादको प्रयोगका दृष्टिले समेत एउटा उत्कृष्ट सफल काव्य हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## सन्दर्भसामग्री

आनन्दवर्द्धन. (सन् २०१०). *ध्वन्यालोक.* (हि.व्या.आचार्य, विश्वेश्वर). ज्ञान मण्डल लिमिटेड ।

पराजुली, कृष्णप्रसाद (२०६६). *पन्ध्र तारा र नेपाली साहित्य.* (ए. संस्क.). साझा प्रकाशन ।

पाण्डेय, नरदेव (१९९५). *कविवर मोतीराम भट्ट सचित्र जीवनचरित्र.* पं. नरदेव शर्मा ।

भट्ट, मोतीराम (२०५३). *पिकदूत.* (छै. संस्क.). साझा प्रकाशन ।

मम्मट. (२०६४). *काव्यप्रकाश.* (पु.मु.). चौखम्बा संस्कृत संस्थान ।

विश्वनाथ. (सन् २००९). *साहित्यदर्पण.* (पु.मु.). मोतीलाल बनारसीदास ।

शर्मा, ऋषवदेव (१०१५). *काव्यमञ्जरी.* रोयल नेपाल एकेडेमी ।

सहाय, राजवंश (सन् २००२). *संस्कृत साहित्य कोश.* (च.संस्क.). चौखम्बा विद्या भवन ।